# प्रदेश राजपत्र


सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) धनगढी, नेपाल, असोज ३ गते, २०७८ साल (अतिरिक्ताङ्क ४(घ)


## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०७८

रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



सुदूरपश्चिम प्रदेशको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०७८" रहेको छ ।

(२) यो आदेश सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७६ को दफा ३ मा संशोधनः रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७६ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (४) को खण्ड (क) मा रहेका "उद्योग, पर्यटन, वन तथा वातावरण" भन्ने शब्दहरू झिकिएका छन् ।

३. मूल आदेशको दफा ८ मा संशोधनः मूल आदेशको दफा ८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) समितिको खाता कार्यकारी निर्देशक र प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।"

४. मूल आदेशको दफा १४ मा संशोधनः मूल आदेशको दफा १४ मा रहेका "उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सुदूरपश्चिम प्रदेश" भन्ने शब्दहरूको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ ।

५. मूल आदेशको दफा १५ मा संशोधनः मूल आदेशको दफा १५ मा रहेका "उद्योग, पर्यटन, वन तथा वातावरण" भन्ने शब्दहरू झिकिएका छन् ।

६. रुपान्तरः मूल आदेशको ठाउँ ठाउँमा रहेका "आर्थिक मामिला तथा योजना मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "आर्थिक मामिला मन्त्रालय" भन्ने शब्दहरू राखी रुपान्तर गरिएको छ ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०७८।०६।०३

आज्ञाले,
यज्ञनाथ दाहाल
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-